नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फोन नं. ४- २२३५८० २६२६९६ २६१७३६ २६२८०२ २६२९८७ २६२४६८ २६२५४३

पत्र संख्याः- ०७१/०७२
च.नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल

मितिः २०७२।०१।२८

बिषय : उद्धारकर्ता, घाईते एवं आमनागरिकहरुलाई जानकारीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्ती

भूकम्प पिडित तथा घाईतेहरुको उद्धार, उपचार तथा बिपद पश्चात हुने प्रकोप तथा रोगहरु रोकथामको लागि मिति २०७२/०१/२८ गतेसम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट देहाय बमोजिमका क्रियाकलापहरु भएको कुरा सम्बन्धित सबैको जानकारीको लागि प्रेषित गरिन्छ ।

१. राष्ट्रिय तथा अन्तराष्ट्रिय उपचार टोलीहरुको परिचालन, अनुगमन तथा बैठक

- मिति २०७२/०१/२८ गतेसम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट १०७ वटा अन्तराष्ट्रिय टीम परिचालन भएका छन् जसमा १०१९ मेडिकल बिशेषज्ञहरु, ३६१ नर्सहरु र ९४२ प्यारामेडिक्स्हरु गरी जम्मा २३२१ रहेका छन् ।
- सरकारी स्वास्थ्य संस्था बाहेक ४१ भन्दा बढी राष्ट्रिय तथा गैर आवासिय नेपाली मेडिकल बिशेषज्ञहरुको टिम परिचालन भएका छन् जस्मा १५४ मेडिकल बिशेषज्ञहरु, ८२ नर्सहरु र ९० प्यारामेडिक्स्हरु गरी जम्मा ३६७ रहेका छन् ।
- मिति २०७२/०१/२८ गतेसम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट खटिएका अन्तराष्ट्रिय टीमहरु मध्ये आजसम्म फ्रान्स, अमेरिका, जर्मनी, थाइल्याण्ड, बंगलादेश, सिंगापुर, ताइवान, ईजरायल, स्पेन, वेलायत, फिलीपिन्स र भारतका गरी जम्मा १९ वटा मेडिकल टिमका २५२ सदस्यहरु आफ्नो काम पुरा गरि फर्किएका छन् ।

२. उपकरण र औषधि

- आज २०७२/०१/२८ माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री खगराज अधिकारीज्यूबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखा टेकुमा अनुगमनका क्रममा राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रबाट सहयोग स्वरुप आएका औषधी र स्वास्थ्य सम्बन्धि उपकरणहरुको बारेमा जानकारी लिनुभयो । भुकम्प प्रभावित जिल्लाहरुमा कुनैपनि औषधी र उपकरणहरुको अभाव नहुने गरी निरन्तर र सहजरुपमा आपूर्ति व्यवस्था मिलाउनको लागि निर्देशन दिनुभयो ।
- Doctors For You, Mumbai, India बाट Digital X-ray Machine (CR System)-५ थान, Ventilator- ५ थानका साथै अन्य सर्जिकल सामाग्री तथा अत्यावश्यक औषधिहरु लगायत ३,००,००० प्याकेट जीबनजल(ORS) समेत प्राप्त भएको छ ।
- प्राप्त भएका अत्यावश्यक औषधिहरु जिल्ला स्वास्थ्य कार्यालय दोलखा, बीर अस्पतालका साथै विभिन्न ६ वटा जिल्ला तथा अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा परिचालन हुने टिमहरुको लागि आकस्मिक स्वास्थ्य उपचार कीट वितरण गरियो ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पबाट प्रभावित जिल्लाका बिभिन्न स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार निरन्तर रुपमा सम्पर्कमा रही आवश्यक औषधि र उपकरणहरु पठाईरहेको छ ।

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फ़ोन- २२३५८०, २६२६९६, २६९७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३

पत्र संख्याः- ०७१/०७२
च.नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

मितिः २०७२।०१।२८

३. उपचार गरिएको बिरामी तथा घाइतेको संख्या

मिति २०७२/०१/२८ गतेसम्म उपचार पाएका घाईते तथा विरामीको जम्मा संख्याः ७६५७३ रहेको छ।

४. महामारी रोकथामका लागि गरिएको प्रयासहरु

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले रोगकोहरुको प्रकोप रोकथामका लागि स्वास्थ्य सन्देशहरु संचार माध्यमहरुबाट प्रचार–प्रसार र शैक्षिक सामग्रीहरु भूकम्प प्रभावित जिल्लाहरुमा बितरण निरन्तर रुपमा गरिरहेको छ।

५. स्वास्थ्यकर्मीको ब्यवस्था र अन्य विषय

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पवाट प्रभावित विरामी तथा घाइतेहरुको उपचार तथा सूचनाको उपलब्धतामा सहजताका लागी टोल फी नं १६६००१३३४४४ संचालनमा ल्याएको छ। यदि कुनै ठाँउबाट स्वास्थ्य सम्बन्धि जानकारी लिन वा दिन परेमा माथिदिएको टोल फ्रि नम्बरमा २४ सै घण्टा सम्पर्क गर्नु हुन अपिल गरिएको छ।
- हालसम्म भूकम्पबाट प्रभावित जिल्लाका पूर्ण रुपमा क्षति पुगेका सरकारी स्वास्थ्य संस्थाहरु ३०६ र प्राईभेट स्वास्थ्य संस्था १० रहेका छन्। त्यस्तैगरी आंशिक रुपमा क्षति पुगेका सरकारी स्वास्थ्य संस्थाहरु ६१७ र प्राईभेट स्वास्थ्य संस्था ७ रहेको छ।

६. मृत्यु भएका स्वास्थ्यकर्मीहरु तथा महिला स्वास्थ्य स्वयंसेविकाको विवरण

भूकम्पबाट प्रभावित भै यस अधि मृत्यु भएका ७ जना सहित देहाय बमोजिमका थप २ जना समेत गरी हालसम्म ८ जना स्वास्थ्यकर्मी र एक जना महिला स्वास्थ्य स्वयंसेविकाको मृत्यु भएको जानकारी प्राप्त भएको छ।

१. कल्पना थापा., अ.हे.ब. करार, भक्तपुर
२. बुद्धिमाया तामाङ्ग, महिला स्वास्थ्य स्वयंसेविका, काउले ८, नुवाकोट

डा. गुणराज लोहनी
सदस्य सचिव एवं प्रबक्ता
विपद व्यवस्थापनको लागि केन्द्रिय समन्वय समिति, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय